"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बुढानीलकण्ठ"

टोल फि नं. १६६००१०००३२
फोन नं. ०१-४३७२७२५

बुढानीलकण्ठ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

हात्तीगौडा, गाठमाडौं
बागमती प्रदेश, नेपाल

पत्र संख्या: २०८३/०८४
सूचना नं: ३६

माटो परीक्षणका लागि नमुना संकलन गर्ने सम्वन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मितिः २०८३/०८/०३)

कृषि विकास शाखा

यस नगरपालिका कृषि विकास शाखाको आ.व.२०८३/०८४ को वार्षिक स्वीकृत **"माटो परीक्षण तथा कृषि चुन वितरण कार्यक्रम"** अन्तर्गत माटोको नमुना संकलन तथा परीक्षण गरी निःशुल्क कृषि चुन वितरण गरिने कार्यक्रम रहेको हुनाले बुढानीलकण्ठ नगरपालिका क्षेत्र भित्रका इच्छुक कृषक/कृषक समूह/कृषि सहकारी संस्था/निजी कृषि फार्महरुलाई यो सूचना प्रकाशित भएको मितिले २१ (एककाईस) दिन भित्र सम्पूर्ण कृषकहरुले संलग्न लिफलेट बमोजिमको विधि अपनाई देहायका बुँदाहरुलाई ध्यान दिई आफ्नो खेतबारीको आवश्यक माटोको नमुना संकलन गरी कृषि विकास शाखामा दर्ता गराउनु हुन यो सूचना प्रकाशन गरिएको छ ।

माटोको नमुना संकलन गर्दा ध्यान दिनुपर्ने कुराहरु :

क) १ रोपनी जग्गाबाट सबै ठाँउको प्रतिनिधित्व हुने गरी विभिन्न (५) पाँच स्थानबाट माटोको नमुना संकलन गर्ने,
ख) खेतबारीको आली, कान्ला नजिकबाट नमुना नलिने ।
ग) हालसालै मात्र मलखाद प्रयोग गरेको ठाउँमा नमुना नलिने,
घ) मल थुपारेको वा गाईवस्तु बाँधेको ठाउँको नमुना नलिने ।
ङ) पानीको मुहान वा निकासको नजिकबाट नमुना नलिने ।
च) वर्षा वा पानी परे लगत्तै नमुना संकलन नगर्ने ।
छ) माटोको नमुनालाई सफा प्लाष्टिक थैलामा हावा नछिर्ने गरी पोका पारेर ल्याउनुपर्नेछ ।
ज) संकलन गरेको माटोको नमुना करिब आधा के.जी.(५००) ग्राम हुनुपर्नेछ ।

नोटः नमुना ल्याई परीक्षण गराउनुहुने किसानलाई माटोको अवस्थाको नतिजा प्राप्त भएपछि निःशुल्क कृषि चुन उपलब्ध गराईनेछ ।

विस्तृत जानकारीको लागि कृषि विकास शाखा ९८४६०९८७९० मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

२०८३/०८/०३
केदार कुमार खड्का
प्रमुख,आर्थिक विकाश महाशाखा

माटोको नमुना संकलन गर्ने तरिका

अन्न र तरकारी बालीको लागि

एकै प्रकारको माटो (जस्तै रङ्ग, बनावट, भिरालो पना आदि) भएको जमिनबाट १ वटा नमूना तयार गर्ने ।



एउटा माटोको नमूना तयार गर्न १ रोपनीबाट कम्तीमा ५/६ ठाउँबाट माटोको नमूना लिनु पर्दछ ।



प्रत्येक ठाउँमा १५ देखि २० से.मि. गहिरो 'V' आकारको खाल्डोको एक भित्ताबाट माथि देखि तल सम्म एउटै मोटाइको माटोको नमूना लिने ।





सबै खाल्डो बाट संकलित माटोको नमूनालाई एकै ठाउँमा जम्मा गरेर राम्रोसँग मिसाउने ।



यसरी जम्मा गरेको माटोबाट ढुङ्गा, झारपात जस्ता अनावश्यक चिजहरूलाई हटाई ४ बराबर भागमा बाँडी आमने सामनेको २ भाग हटाउने ।



बाँकि रहेको २ भाग माटोलाई फेरी राम्रोसँग मिसाएर पूनः ४ भाग लगाई २ भाग राखि २ भाग हटाउने। यो क्रम माटोको नमूना करिब १/२ के.जी. नभएसम्म दोहोर्याउने । आधा के.जी. माटोलाई उल्लेखित विवरण लेखि प्रयोगशालामा पठाउने ।

फलफूल बालीको लागि

फरक किसिमका माटो (जस्तै रङ्ग, बनावट, भिरालोपना आदि) भएको जमिनबाट छुट्टा छुट्टै नमूना तयार पार्ने ।





छनोट गरीएको जमिनबाट १ रोपनीबाट कम्तिमा एक वटा ३ फिट गहिराईको खाडल खन्ने । माटोको नमूना लिने खाडलको एक तर्फको भित्तामा माथिबाट तल तर्फ १, २, र ३ फिट गहिराईमा चिनो लगाउने ।

चिनो लगाएको भित्ताबाट छुट्टा छुट्टै भाडाँमा ०-१, १-२ र २-३ फिटसम्मको माटोको नमूना संकलन गर्ने ।



यसरी छुट्टा छुट्टै संकलन गरेको माटो प्रत्येकलाई छुट्टा-छुट्टै ४ भाग लगाई आमने सामनेको २ भाग हटाई २ भाग बाँकि राख्ने र यो क्रम माटो १/२ के.जी. नभएसम्म दोहोर्याउने ।



यसरी तयार गरेको माटोलाई सफा प्लाष्टिकको थैलोमा राखि कृषकको नाम, ठेगाना, खेतको विवरण जमिनका गहिराई खुलाई नजिकको माटो परिक्षण प्रयोगशालामा लैजाने ।

माटोको नमुना परीक्षण गर्न पठाउँदा निम्न विवरण हुनु पर्दछ:

नामथर:

ठेगाना:

खेतबारीको किसिम:

लगाउने बाली:

मिति:

जमिनको गहिराई: